पञ्चदेवल विनायक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## रोजगार सेवा केन्द्रको प्रगति प्रतिवेदन

आ.व. २०८०/०८१

**१. परिचय :**

पञ्चदेवल विनायक नगरपालिकामा रोजगार सेवा केन्द्रको कार्यसञ्चालन २०७५ साल फाल्गुण २६ गतेदेखि भएको हो । सो अवधिदेखि केन्द्र मार्फत् आन्तरिक रोजगारी प्रवाह, वैदेशिक रोजगारीमा सहजीकरण, रोजगार परामर्श आदि कार्यहरु सञ्चालन हुँदै आएका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना मार्फत् स्थापना बर्ष (आ.व. ०७५/०७६) मा यस नगरपालिकामा २१६ जना बेरोजगार व्यक्तिहरु ३० दिनको रोजगारीमा संलग्न भएका थिए भने आ.व. ०७६/०७७ मा २२३ जनाले औसत ३०.६ दिनको रोजगारी पाएका थिए । आ.व. ०७७/०७८ देखि हालसम्म निरन्तर रुपमा औसत १०० दिनको रोजगारी प्रदान गरिदै आएको छ । रोजगार सेवा केन्द्रको सुदृढीकरण, रोजगार व्यवस्थापन सूचना प्रणालीको उपयोगसँगै आयोजनामार्फत् रोजगारी सिर्जना गर्ने कार्य निरन्तर रुपमा सञ्चालन भइरहेको छ । यसका साथै रोजगार सम्वाद मञ्चको सञ्चालन गर्दै श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रमलाई समेत निरन्तरता दिइएको छ । आ.व. ०८०/०८१ को प्रगति विवरणका रुपमा यस प्रतिवेदनलाई यहाँ प्रस्तुत गरिएको छ ।

**२. सञ्चालित क्रियाकलाप :**

***क) रोजगार सेवा केन्द्र सुदृढीकरण :*** यस आ.व. मा रोजगार सेवा केन्द्रको सुदृढीकरणतर्फ थप टेवा पुगेको छ । नगरपालिकामा एक महत्वपूर्ण शाखाको रुपमा रोजगार सेवा केन्द्रलाई स्थापित गरिएको छ । सुदृढीकरणका लागि विभिन्न क्षेत्रसँग सम्पर्क, समन्वयलाई जोड दिइएको छ । सेवा केन्द्रबाट बेरोजगार व्यक्तिले प्राप्त गर्ने सेवा सुविधाका बारेमा प्रचारप्रसार गर्नुका साथै बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन आवश्यक कार्यक्रम कार्यान्वयन गरिएको छ ।

***ख) रोजगार व्यवस्थापन सूचना प्रणालीको उपयोग :*** रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) थप व्यवस्थित रुपमा उपयोग गरिएको छ । रोजगारीका लागि आवेदन दिएका बेरोजगार व्यक्तिहरुलाई प्रणालीमा सूचीकृत गरिएको छ । यस आ.व. मा ३८२६ जना सूचीकृत भएकोमा सोहीबमोजिम प्राथमिकताक्रमको आधारमा ८९ जनालाई न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराइएको छ । रोजगारीमा संलग्न हुने श्रमिकलाई काममा खटाउने, लाभग्राही परिचयपत्र पत्र उपलब्ध गराउने, काममा संलग्न भएको दिन र सो

CamScanner

बमोजिमको ज्याला प्रविष्ट गरी बैंक खातामार्फत् रकम उपलब्ध गराउने कार्यसहित भौतिक तथा वित्तीय प्रगतिको विवरण प्रविष्ट गरी प्रतिवेदन गर्न समेत प्रणालीको उपयोग गरिएको छ ।

***ग) आयोजनामार्फत् रोजगारी प्रवर्द्धन :*** प्रधानमन्त्री रोजगार कार्यक्रमसँगै युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना मार्फत् यसवर्ष कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना अन्तर्गत प्राप्त सशर्त बजेटको कार्यान्वयन गर्ने सन्दर्भमा नगर कार्यपालिकाबाट निर्णय गराई १४ वटा सामुदायिक आयोजनाहरु सञ्चालन गरिएका छन्, जसको विवरण निम्नानुसार छ :

| आयोजना | स्रोत | आयोजना संख्या | विनियोजित बजेट | खर्च भएको बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| कामका लागि पारिश्रमिक | नेपाल सरकार | ७ | ३२ लाख ८० हजार | ३२ लाख ७३ हजार २ सय | ९९.७९ |
| कामका लागि पारिश्रमिक | आईडीए वैदेशिक ऋण | ७ | २६ लाख ७२ हजार | २६ लाख ७२ हजार | १०० |
| | जम्मा | १४ | ५९,५२,००० | ५९,४५,२०० | ९९.८८ |

***आयोजनागत विवरण :-***

| क्र. सं. | वडा नं. | आयोजनाको नाम | स्थानीय तहबाट विनियोजित बजेट | प्रधानमन्त्री रोजगार कार्यक्रमको साझेदारी बजेट | रोजगारीमा संलग्न हुन खटाइने संख्या | रोजगार तर्फको बजेट स्रोत |
|---|---|---|---|---|---|---|
| १ | १ | विनायक-वडा कार्यालय मोटर बाटो मर्मत | | ५,३४,४००/- | ८ | IDA (युवारुप) |
| २ | २ | गाउँघर क्लिनिक भवन मर्मत | २,००,०००/- | २,६७,२००/- | ४ | IDA (युवारुप) |
| ३ | २ | सरस्वती मा.वि. घेरापर्खाल निर्माण | | ४,६७,६००/- | ७ | नेपाल सरकार |
| ४ | ३ | मुसेगडा तटबन्धन निर्माण | २,००,०००/- | ५,३४,४००/- | ८ | नेपाल सरकार |
| ५ | ४ | दानसैन दोबाटा गोरेटो बाटो मर्मत | | ४,६७,६००/- | ७ | IDA (युवारुप) |
| ६ | ४ | फुर्केसल्ला चौर तटबन्धन | २,००,०००/- | २,६७,२००/- | ४ | नेपाल सरकार |
| ७ | ५ | मडोरिटाउनेदेखि तालागाड सिढी निर्माण | ४,५०,०००/- | ६,०१,२००/- | ९ | नेपाल सरकार |
| ८ | ६ | दमायापानी सिँचाइ कुलो मर्मत | २,५०,०००/- | २,६७,२००/- | ४ | IDA (युवारुप) |
| ९ | ६ | जनज्योति आधारभूत विद्यालय खेलमैदान निर्माण | | ३,३४,०००/- | ५ | नेपाल सरकार |
| १० | ७ | स्वास्थ्य चौकी घेरापर्खाल | ३,००,०००/- | ८,०१,६००/- | १२ | नेपाल सरकार |
| ११ | ८ | तोलीगडा तिखापातल पैदल मार्ग मर्मत | ३,००,०००/- | ३,३४,०००/- | ५ | IDA (युवारुप) |
| १२ | ८ | बेतेडी जलविद्युत कुलो मर्मत | | ३,३४,०००/- | ५ | IDA (युवारुप) |
| १३ | ९ | गाउँघर क्लिनिक भवन निर्माण कालेकाँडा | २,००,०००/- | २,६७,२००/- | ४ | नेपाल सरकार |
| १४ | ९ | भाटगाउँ भैचाला स्कुल सिँढी मर्मत | २,५०,०००/- | ४,६७,६००/- | ७ | IDA (युवारुप) |
| | | जम्मा | २३,५०,०००/- | ५९,४५,२००/- | ८९ | |

CamScanner

यसबर्ष सञ्चालित १४ वटा आयोजनाहरुमा ८९ जनाले न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुने अवसर प्राप्त गरेका छन् । यसबर्ष लक्ष्यअनुसार औसत १०० दिनको रोजगारी प्रदान गरिएको छ, कार्यक्रमको वित्तीय उपलब्धि ९९.८८ प्रतिशत भएको छ ।

***घ) श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम :*** श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रमलाई यस नगरपालिकाका सबै ९ वटै वडामा सञ्चालन गरिएको छ । २०८० माघ २४ गतेदेखि चैत्र ८ गतेसम्म सञ्चालन गरिएको कार्यक्रममा २९७ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा श्रम तथा रोजगार, स्वरोजगार क्षेत्रको स्थानीय वस्तुस्थितिको मूल्यांकन सहित आगामी रणनीतिका विषयमा अन्तर्क्रिया गरिएको थियो ।

***ङ) रोजगार सम्वाद मञ्चको सञ्चालन :*** गत आ.व. २०७९/०८० मा गठित यस नगरपालिकाको रोजगार सम्वाद मञ्चलाई क्रियाशील बनाउन तथा आन्तरिक रोजगारीका लागि सुझाव संकलन गर्ने अभिप्रायका साथ अन्तरसम्वाद कार्यक्रम सञ्चालन गरिएको थियो । २०८१ बैशाख १३ गतेका दिन सञ्चालित कार्यक्रममा जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, पत्रकार, उद्योगी, व्यवसायी सहितका सरोकारवालाहरु ४७ जनाको सहभागितामा अन्तरसम्वाद गरिएको थियो ।

***च) स्थानीय रोजगार रणनीति निर्माण :*** रोजगारदाताहरु र सरोकारवालाहरुसँग सुझाव संकलन गर्दै यस आ.व.मा पञ्चदेवल विनायक नगरपालिकाको स्थानीय रोजगार रणनीति तयार गरिएको छ । आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्म पाँच बर्षका लागि कार्यान्वयन हुने गरी रणनीति तयार गरिएको हो । मिति २०८१ असार ३ गते नगर कार्यपालिकाबाट स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन सहित १०० थान पुस्तक समेत प्रकाशन गरिएको छ ।

**३. कार्यक्रम कार्यान्वयन प्रक्रिया :**

प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मन्त्रालयबाट जारी परिपत्रहरुलाई मुख्य आधारको रुपमा लिइएको छ । आयोजनाको सञ्चालन गर्दा वडास्तरबाट छनोट भएका आयोजनालाई नगर कार्यपालिकाबाट निर्णय गराई सञ्चालन गरिएको छ । आयोजनाको कार्यान्वयन सम्बन्धमास्थानीय निर्देशक समिति र नगर कार्यपालिकाको बैठक बसी निर्णय गरिएको र सोही बमोजिम कार्यान्वयन गरिएको छ । विगतका बर्षहरुजस्तै यसबर्ष पनि आवश्यकता अनुसार स्थानीय तहको साझेदारीलाई निरन्तरता दिइएको छ, जसका कारण आयोजनाहरुको गुणस्तर कायम भएको छ ।

**४. उपलब्धि :**

यस नगरपालिकामा आ.व. ०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रमका उपलब्धिहरु यसप्रकार रहेका छन् :

- रोजगार सेवा केन्द्रको थप सुदृढीकरण
- रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी व्यवस्थापन

CamScanner

- ३८२६ जना बेरोजगार व्यक्तिहरु रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकरण
- ८९ जनालाई औसत १०० दिनको रोजगारी प्रदान
- १४ वटा सामुदायिक आयोजनामार्फत् सामुदायिक विकास
- नगरपालिकाको ५ बर्षे स्थानीय रोजगार रणनीति निर्माण
- रोजगार सम्वाद मञ्चको सञ्चालन
- श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सबै वडास्तरमा सञ्चालन

## ५. बजेट :

| क्र. सं. | कार्यक्रम शीर्षक | बजेट स्रोत | विनियोजित बजेट | खर्च भएको रकम | बाँकी | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | रोजगारी सिर्जना | नेपाल सरकार | ३२,८०,००० | ३२,७३,२०० | ६,८०० | ९९.८ |
| २ | रोजगारी सिर्जना | विश्व बैंक (आईडीए) | २६,७२,००० | २६,७२,००० | ० | १०० |
| ३ | रोजगार सेवा केन्द्र सुदृढीकरण | विश्व बैंक (आईडीए) | २,००,००० | १,९२,७८९ | ७,२११ | ९६.३९ |
| ४ | श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन | विश्व बैंक (आईडीए) | ६०,००० | ६०,००० | ० | १०० |
| ५ | रोजगार सम्वाद मञ्च सञ्चालन | विश्व बैंक (आईडीए) | ३०,००० | ३०,००० | ० | १०० |
| ६ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा | विश्व बैंक (आईडीए) | ५०,००० | ५०,००० | ० | १०० |
| ७ | रोजगार आयोजनाहरुको अनुगमन | विश्व बैंक (आईडीए) | ८८,००० | ८८,००० | ० | १०० |
| ८ | रोजगार सेवा केन्द्रको सञ्चालन | विश्व बैंक (आईडीए) | १,०२,००० | १,०२,००० | ० | १०० |
| | | जम्मा | ६४,८२,००० | ६४,६७,९८९ | १४,०११ | ९९.७८ |

## ६. निष्कर्ष :

यस आ.व.मा रोजगार सेवा केन्द्रको सबलीकरणका क्षेत्रमा केही महत्वपूर्ण प्रयास भएको छ र रोजगार व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी रुपले उपयोग गरिएको छ। कामका लागि पारिश्रमिकमा आधारित १४ वटा सामुदायिक आयोजनाहरुको कार्यान्वयन गरी ८९ जनालाई न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराइएको छ। सम्पूर्ण आयोजनाहरु शतप्रतिशत सम्पन्न भएका छन्। श्रमिकको ज्यालामा मात्र खर्च गर्न पाउने व्यवस्था हुँदा पनि आवश्यक भएका आयोजनामा स्थानीय तहबाट बजेट साझेदारी हुँदा प्रभावकारिता बढेको छ। आगामी पाँच बर्षका लागि यस नगरपालिकाको स्थानीय रोजगार रणनीति निर्माण गरिएको छ। रोजगार सम्वाद मञ्चको सञ्चालन मार्फत् आन्तरिक रोजगारीका लागि सुझाव संकलन तथा अन्तर्क्रियात्मक कार्यहरुमा सहजता आएको छ।

प्रतिवेदक
भरतराज अधिकारी
रोजगार संयोजक

भरतराज अधिकारी
रोजगार संयोजक

प्रमाणित गर्ने
ध्रुव प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

ध्रुव प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner